नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np


मिति २०८०/०७/१४

# सूचना सूचना सूचना

## गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्रको लागि अवलम्बन गर्नुपर्ने प्रक्रिया र आवश्यक कागजातहरू

१. जुन जिल्लाबाट साविक नागरिकताको प्रमाणपत्र जारी भएको हो सोही जिल्लामा गई गैरआवासीय नेपाली नागरिकता प्रमाणपत्रको लागि आवेदन दिनुपर्ने ।

२. गैरआवासीय नेपाली नागरिकता आवेदनको लागि देहायका कागजात सहित कार्यालयको सहायक प्रमुख जिल्ला अधिकारी (कोठा नं. ०२) मा सम्पर्क गर्ने:-

क. अनुसूची ८ ग बमोजिम सम्बन्धित वडाको सिफारिस सहितको निवेदन,

ख. अनुसूची ८ घ बमोजिमको प्रतिवद्धता पत्र र अनुसूची ८ च बमोजिमको सपथ,

ग. साविकको नेपाली नागरिकता र राहदानी परित्याग गरेको प्रमाण,

घ. विदेशी मुलुकको नागरिकता/नागरिक भएको प्रमाण,

ङ. सार्क सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको प्रमाण,

च. हाल नागरिक रहेको मुलुकबाट लिएको राहदानीको प्रतिलिपि,

छ. निवेदकको भएसम्म एकाघरको नभएमा ३ पुस्ताभित्रको नातेदार नेपाली नागरिकता सहित सनाखतको लागि उपस्थित हुनुपर्नेछ । यदी एकाघर/३ पुस्ताभित्रको नजिकको नातेदार नभएमा थप बुझी निजलाई चिन्ने नेपाली नागरिकबाट सनाखत गराउन सकिनेछ ।

ज. जिल्ला प्रशासन कार्यालयले प्रहरीको स्थलगत सर्जमिन मुचुल्का लगायत अन्य माध्यमबाट थप बुझ्न सक्नेछ ।

झ. अनुसूचीहरूका लागि कोठा नं. २ मा सम्पर्क गर्न सकिनेछ ।

३. माथि बुँदा नं. २ (ग) का सम्बन्धमा यदि नेपाली नागरिकता परित्याग नगरेको भए सक्कलै नेपाली नागरिकता प्रमाणपत्र र राहदानी सहित मुद्दा शाखा (कोठा नं. ११) मा नागरिकता परित्यागको प्रक्रियाका लागि सम्पर्क गर्नुपर्ने ।

२०८०/०७/१४

धिरेन्द्र राज पन्त
सहायक प्रमुख जिल्ला अधिकारी